कनकाई नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

जामुनबारी, प्रदेश नं. १

**कनकाई नगरपालिका कार्यालयको मेलमिलापकर्ता सूचिकृत हुनका लागि निवेदन दिने सम्वन्धी सूचना**

प्रकाशित मिति : **२०७५\०९\२४**

यस कनकाई नगरपालिका न्यायिक समितिको मिति २०७५\०९\२० गतेको निर्णयानुसार यस नगरपालिका क्षेत्रभित्र स्थाई बसोवास भई देहाय वमोजिमको योग्यता भएका मेलमिलापकर्ताको रुपमा कार्य गर्न इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफू कुन वडा भित्र रही कार्य गर्न इच्छुक भएको हो सो खुलाई कनकाई नगरपालिका न्यायिक समितिको नाममा आवश्यक कागजात संलग्न राखी निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएको र रीतपूर्वक विवरण संलग्न नभएको निवेदन उपर कुनै कारवाही हुने छैन। प्राप्त निवेदन माथि आवश्यक छानविन गरी सूचिकरण गर्ने अधिकार न्यायिक समितिमा रहनेछ।

<u>आवश्यक योग्यता</u>

क० कम्तीमा एस.एल.सी. उत्रीर्ण गरेको।

ख० मेलमिलापकर्ताको ४८ घण्टाको तालिम लिई मेलमिलापकर्ताको कार्य गर्दै आएको।

ग० कुनै राजनीतिक दलप्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको।

घ० स्थानीय स्तरमा समाजसेवीको पहिचान बनाएको।

ङ० २५ वर्ष उमेर पूरा भएको।

च० माथि उल्लेखित योग्यतामा जुनसुकै कुरा लेखिएको भएतापनि मेलमिलाप सम्वन्धी तालिम लिई हाल काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिने तर निजहरुले उपरोक्त सवै व्यहोरा खुल्ने गरी आवश्यक प्रमाण कागज राखी निवेदन दिनुपर्नेछ।

**नोटः इच्छुक व्यक्तिले उपरोक्त कागजातका साथै दुई प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो समेत पेश गर्नु पर्नेछ।**

विष्णु खतिवडा
प्रमुख प्रशासकीय अधिकृत